मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३२ ◆ अङ्क : ११३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन २८ गते बिहीबार (Thursday, 12 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## भरुवा बन्दुकसहित एकजना पक्राउ

**संखुवासभा, फागुन २७।** संखुवासभाको भोटखोला गाउँपालिकामा भरुवा बन्दुकसहित एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भोटखोला गाउँपालिका-४ सिपुङ बस्ने ६० वर्षीय धनमान विश्वकर्मा रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक कुमारप्रसाद मैनालीले जानकारी दिए । विशेष सूचनाका आधारमा विश्वकर्मालाई एक थान भरूवा

(बाँकी अन्तिम पृष्ठमा)

# दुई तिहाइमा ‘ब्रेक’

## ६ दल बने राष्ट्रिय पार्टी, ५१ दलले कटाएनन् थ्रेस होल्ड

**झापा, फागुन २७।** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणाम अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीको दुईतिहाईको यात्रामा ब्रेक लागेको छ । उसलाई दुई तिहाईका लागि दुई सीट कम प्राप्त भएको छ ।

समानुपातिकतर्फ ६ दलले मात्रै थ्रेसहोल्ड कटाएका छन् । यो निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी हावी हुँदा कांग्रेस एमालेसहित अन्य दलहरू खुम्चिएका छन् ।

थ्रेसहोल्ड कटाउनेमा रास्वपा, कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति र राप्रपा रहेका छन् । कूल १ करोड ७ लाख ८५ हजार ८७६ मतमा रास्वपाले ५१ लाख ५७ हजार ९३० (४७.८२ प्रतिशत) मत पायो । दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसले १७ लाख ५५ हजार ८७२ मत (१६.२८ प्रतिशत) पाउँदा तेस्रो स्थानमा रहेको १४ लाख ५२ हजार ७५८ मत (१३.४७ प्रतिशत) पायो ।

चौथो स्थानमा रहेको नेपाली कम्युनिष्ट पार्टीले ८ लाख ९ हजार ५७७ मत (७.५१ प्रतिशत), पाँचौं स्थानमा रहेको श्रम संस्कृति पार्टीले ३ लाख ८५ हजार ७४१ मत (३.५८ प्रतिशत) र छैटौं स्थानमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीले ३ लाख ३० हजार २६८ मत (३.०६ प्रतिशत) मत पायो ।

प्रत्यक्षतर्फ रास्वपाले १२५, कांग्रेसले १८, एमालेले ९, नेकपाले ८, श्रम संस्कृतिले ३ र राप्रपाले १ ठाउँमा जित निकाल्दा, एक सीट स्वतन्त्रले जितेको छ ।

यो मत परिणाम अनुसार रास्वपालाई दुई तिहाइ पुग्नको लागि दुई सीट कम हुने देखिएको छ। दुई तिहाइ पुग्नको लागि १८४ सीट चाहिन्छ। तर, समानुपातिकतर्फ रास्वपाले पाएको मत अनुसार उसले ५७, कांग्रेसले २०, एमालेले १६, नेकपाले ९, श्रम संस्कृति र राप्रपाले ४/४ सीट पाउने भएका छन् ।

अब प्रत्यक्ष र समानुपातिक गरी संसद्मा रास्वपाको १८२, कांग्रेसको ३८, एमालेको २५, नेकपाको १७, श्रम संस्कृतिको ७, राप्रपाको ५ र एक स्वतन्त्र सांसद हुनेछन् ।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार समानुपातिकतर्फ सम्बन्धित निर्वाचन क्षेत्रबाट मतगणनाको प्रतिवेदन सङ्कलन गर्ने काम भइरहेको छ । त्यसलगत्तै समानुपातिकतर्फ प्राप्त गरेको सीट संख्या यकिन गरेर उम्मेदवार सिफारिस गर्नको लागि सम्बन्धित दललाई पत्राचार गरिनेछ ।

**समानुपातिकतर्फ ५१ दलले कटाएनन् ‘थ्रेस होल्ड’**

प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिकतर्फको मतगणना सकिएसँगै निर्वाचनमा भाग




लिएकामध्य ५१ दलले थ्रेस हाल्ड (संसद्मा प्रतिनिधित्वका लागि राजनीतिक दलले ल्याउनुपर्ने न्यूनतम् मतको सीमा) भन्दा कम मत प्राप्त गरेका छन् ।

यही फागुन २१ गते सम्पन्न निर्वाचनमा समानुपातिक प्रणालीतर्फ संयुक्त निर्वाचन चिह्नसहित कूल ५७ दलले भाग लिएकामा छ दलले संसद्मा प्रवेश पाउने अवस्था देखिँदा ५१ दलले न्यूनतम् मत सीमा कटाएका छैनन् ।

समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत खसेको मतमध्ये कूल सदर मतको कम्तीमा तीन प्रतिशत प्राप्त गरेका दललाई मात्रै सीट बाँडफाँट गरिने व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ । सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कूल मत संख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधिसभाको सदस्यमा निर्वाचित हुने कानूनी व्यवस्था रहेको निर्वाचन आयोगका सहप्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

उनका अनुसार समानुपातिकतर्फ एक करोड सात लाख ३९ हजार ११५ सदर मत गणना भएकामा राष्ट्रिय स्वतन्त्र पार्टीले ५१ लाख ३९ हजार २३५सहित ऐतिहासिक अग्रता हासिल गरेको छ । नेपाली कांग्रेसले १७ लाख ४९ हजार ५८३, नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले १४ लाख चार हजार ८५४, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आठ लाख पाँच हजार ७७३, श्रम संस्कृति पार्टीले तीन लाख ७८ हजार ६४९ र राष्ट्रिय प्रजातन्त्र पाटाल तान लाख २९ हजार ४७२ मत हासिल गरेका छन् ।

न्यूनतम् मत सीमा नकटाउने दलमा जनमत समाजवादी पार्टी (जसपा) नेपालको एक लाख ७४ हजार ३१७, राष्ट्रिय परिवर्तन पार्टीको एक लाख ७१ हजार ५०१, जनमत पार्टीले ७९ हजार, एकल चिन्ह चकिया (जाँतो, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल)ले ६१ हजार ६७७, नेपाल मजदुर किसान पार्टीले ४२ हजार २४६ रहेको छ ।

त्यस्तै राष्ट्र निर्माण दल नेपालले ३८ हजार ९३३, राष्ट्रिय जनमोर्चाले २९ हजार ४४२, एकल चिन्ह बस (नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल जनता संरक्षण पार्टी)ले २८ हजार १७८, प्रगतिशील लोकतान्त्रिक पार्टीले २४ हजार ६१७, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले २३ हजार ८५१, मङ्गोल नेशनल अर्गनाइजेशनले २० हजार ८०६, एक चिन्ह मोबाइल (आम जनता पार्टी, जनादेश पार्टी नेपाल)ले १३ हजार ४४५ मत प्राप्त गरेका आयोगका सह-प्रवक्ता जिसीले जानकारी दिए ।

त्यसैगरी राष्ट्रिय मुक्ति आन्दोलन नेपालले १० हजार ६९५, संयुक्त नागरिक पार्टीको ९ हजार १२८, स्वाभिमान पार्टीको आठ हजार १३२, राष्ट्रिय जनमुक्ति पार्टीको सात हजार २०७, नेपाल जनता पार्टीको सात हजार १५३, राष्ट्रिय एकता दलको सात हजार ५०, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेलिनवादी) ले छ हजार १६२, राष्ट्रिय गौरव पार्टीले पाँच हजार २४१, नेशनल रिपब्लिक नेपालले पाँच हजार १५७, नेपालका लागि नेपाली पार्टीले पाँच हजार सात, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल)ले चार हजार ८२३, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले चार हजार ६६८, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) ले चार हजार ५०८, राष्ट्रिय ऊर्जा पार्टी नेपालले चार हजार ३१२, समाजवादी पार्टी नेपालले चार हजार २४८, गतिशील लोकतान्त्रिक पार्टीले चार हजार २४८ प्राप्त गरेका छन् ।

नेपाल लोकतान्त्रिक पार्टीले चार हजार १००, नेपाल मातृभूमि पार्टीले दुई हजार ९७२, राष्ट्रिय जनता पार्टी नेपालको दुई हजार ९२५, बहुजन शक्ति पार्टी नेपालको दुई हजार २६६, नेपाल जनमुक्ति पार्टीले दुई हजार १६२, जनअधिकार पार्टीले दुई हजार १०५, नेपाल सद्भावना पार्टीले दुई हजार १५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिए ।

पिपुल फस्ट पार्टी, नेपाली कांग्रेस (बीपी), नागरिक शक्ति नेपाल, नेपाल जनश्रमदान संस्कृति पार्टी, नेपाली जनता दल, समावेशी समाजवादी पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, एकल चिन्ह जगर भएको सिंह (सचेत नेपाली पार्टी, नागरिक सर्वोच्चता पार्टी नेपाल) र जनप्रिय लोकतान्त्रिक पार्टीले दुई हजारभन्दा कम मत प्राप्त गरेका उनले बताए ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गतको कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुन्छ ।

निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू नहुने आयोगले जनाएको छ । समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्था रहेको आयोगका सहप्रवक्ता जिसीले जानकारी दिए ।

उनका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सीट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्नेछन् ।

## ३५० उम्मेदवारले एक भोट पनि पाएनन्

**झापा, फागुन २७।** प्रतिनिधिसभाको निर्वाचनमा देशभरका ३५० उम्मेदवारले एक भोट पनि पाउन सकेनन् ।

निर्वाचन आयोगका अनुसार, प्रतिनिधिसभाका १६५ सीटका लागि ३ हजार ४ सयभन्दा बढी उम्मेदवारले प्रतिस्पर्धा गरेका थिए । त्यसमध्ये ३५० उम्मेदवारले एक भोट पनि पाउन नसकेको निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले जानकारी दिए । घिमिरेका अनुसार उनीहरूको मत परिणाम शून्य देखिएको छ । यसले कतिपय उम्मेदवारले आफूले आफैँलाई वा आफ्नो परिवारको मत समेत हाल्न नसकेको वा नहालेको देखिन्छ ।

त्यस्तै, प्रत्यक्षतर्फ प्रतिष्पर्धा गरेकामध्ये ५१६ जना उम्मेदवारले मात्र सदर मतको १० प्रतिशत कटाएर आफ्नो जमानत जोगाउन सफल भएका छन् । त्यसबाहेक २ हजार ८९० जना उम्मेदवारले आफ्नो जमानत जोगाउन नसकेको घिमिरेले बताए । निर्वाचनमा भाग लिन चाहने उम्मेदवारले जमानत राख्नुपर्छ ।

जमानत फिर्ता पाउन सदर मतको कम्तिमा १० प्रतिशत मत पाउनुपर्छ । ‘जसले सदर मतको १० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुहुन्छ, उहाँहरूको जमानत फिर्ता हुन्छ पछि । तर, सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उमेदवारको जमानत जफत भन्ने हुन्छ’- घिमिरेले भने- ‘त्यो जमानत फिर्ता गर्न पर्दैन, फिर्ता हुँदैन ।’

प्रतिस्पर्धामा रहेका ५१६ उमेदवारले जमानत फिर्ता पाउने भएका छन् । निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भएपछि त्यसको ९० दिनभित्र उमेदवारले आफ्नो जमानत फिर्ताको लागि निवेदन दिनुपर्छ । त्यसपछि जमानत फिर्ता हुने घिमिरेले जानकारी दिए ।

## कांग्रेस झापाद्वारा पाँच जनालाई कार्वाही

**झापा, फागुन २७।** नेपाली कांग्रेस जिल्ला कार्यसमितिको बैठकले समितिका दुई जना जिल्ला सदस्य र ३ जना क्षेत्रीय प्रतिनिधिलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी निष्काशनको सिफारिस गरेको छ ।

नेपाली कांग्रेस जिल्ला कार्य समितिका सभापति देउकुमार थेवेको अध्यक्षतामा सम्पन्न बैठकपछि पार्टी सचिव कृष्ण हुमागाँईले बुधवार एक विज्ञप्ति जारी गर्दै निष्काशनको सिफारिस गरिएको जानकारी दिए ।

पार्टीका जिल्ला सदस्यहरु ठमनाथ नेपाल (झापा), मुना भट्टराई (बुद्धशान्ति), क्षेत्रीय प्रतिनिधिहरु शम्भु खड्का (कनकाई), टेकनारायण संग्रौला (कनकाई), दिपीन्द्र थापा (गौरीगञ्ज) लाई साधारण सदस्य समेत नरहने गरी कारबाहीका लागि केन्द्रीय अनुशासन समितिमा सिफारिस गरिएको विज्ञप्तिमा उल्लेख छ ।

जारी विज्ञप्तिमा जिल्ला सदस्यद्वयसहित क्षेत्रीय प्रतिनिधिहरुले केही समय अघिदेखि पार्टीहित बिपरीत

(बाँकी अन्तिम पृष्ठमा)

## अन्तर्राष्ट्रिय झापाली समाजद्वारा मध्यपूर्व तथा इजरायलका नेपालीको सुरक्षा र उद्धारको माग



**बिर्तामोड, फागुन २७।** मध्यपूर्व तथा इजरायलमा रहेका नेपाली नागरिकको सुरक्षा र उद्धारको व्यवस्था गर्न अन्तर्राष्ट्रिय झापाली समाजले परराष्ट्रमन्त्रीको ध्यानाकर्षण गराएको छ ।

समाजका अध्यक्ष महेन्द्रप्रसाद चम्लागाँई र संस्थापक अध्यक्ष तथा संरक्षक दिनेशकुमार पोखरेलले बुधवार परराष्ट्रमन्त्री बालानन्द शर्मालाई ज्ञापन-पत्र बुझाउँदै त्यस्तो आग्रह गरेका हुन् । समाजकोतर्फबाट मन्त्रालयमै पुगी उनीहरुले ज्ञापन-पत्र बुझाएका थिए । नेपाल सरकारमार्फत सम्बन्धित देशहरुमा रहेका नेपाली दूतावासहरुलाई सक्रिय बनाई आवश्यक समन्वय गरी त्यहाँ रहेका नेपाली नागरिकहरुको सूचना सुनिश्चित गर्न आवश्यक परेको खण्डमा सुरक्षित स्थानमा स्थानान्तरण तथा उद्धारको व्यवस्था गर्न अन्तर्राष्ट्रिय झापाली समाजले माग गरेको छ ।

मध्यपूर्व तथा इजरायलमा रहेका नेपाली नागरिकहरुसँग नियमित सम्पर्क राख्ने, आवश्यक सूचना प्रवाह गर्ने तथा आपतकालीन सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउन परराष्ट्रमन्त्रीलाई आग्रह गरिएको हो ।

समाजका अध्यक्ष चम्लागाँईले भने- ‘हालमध्यपूर्व तथा इजरायल लगायतका देशहरुमा उत्पन्न भइरहेको अस्थिर सुरक्षा परिस्थितिका कारण त्यहाँ कार्यरत तथा बसोबास गरिरहेका नेपाली नागरिकहरु अत्यन्त चिन्तित अवस्थामा रहेका छन् ।’ त्यस क्षेत्रमा कार्यरत धेरै नेपाली कामदार तथा बिद्यार्थी आफ्नो सुरक्षा तथा भविष्यप्रति गम्भीर चिन्तामा रहेको जानकारी प्राप्त भएको जनाइएको छ ।

नेपाली नागरिकको जीवन रक्षा तथा सुरक्षाको विषय अत्यन्त संवेदनशील

(बाँकी अन्तिम पृष्ठमा)

## हार्दिक बधाई तथा शुभकामना



निशा डाँगी
क्षेत्र नं. १

इन्दिरा राना मगर
क्षेत्र नं. २

प्रकाश पाठक
क्षेत्र नं. ३

शम्भु ढकाल
क्षेत्र नं. ४

बालेन्द्र शाह (बालेन)
क्षेत्र नं. ५

२१ फागुन २०८२ मा सम्पन्न निर्वाचनमा झापा क्षेत्र नं. १बाट **निशा डाँगी**, क्षेत्र नं. २बाट **इन्दिरा राना मगर**, क्षेत्र नं. ३बाट **प्रकाश पाठक**, क्षेत्र नं. ४बाट **शम्भु सुस्केरा ढकाल** र क्षेत्र नं. ५बाट **बालेन्द्र शाह (बालेन)** प्रतिनिधिसभा सदस्य पदमा विजयी हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

तपाईंको विजय र सफलता आम नागरिकको हित र सामाजिक क्षेत्रमा गर्नुभएको सेवा तथा योगदानको प्रतिफल भएको हामीले अनुभूत गरेका छौं । संविधानको भावना र नागरिकको आवश्यकता बमोजिम जनहितकारी कामको अपेक्षा र विश्वासका साथ आमनागरिकले आगामी ५ बर्ष प्रतिनिधिसभा सदस्यको जिम्मेवारी तपाईंसहितको काँधमा सुम्पिएका छन् । जनताले सुम्पिएको जिम्मेवारीलाई सुशासन कायम गरेर जवाफदेही र पारदर्शी ढंगले निर्वाह गर्दै, लक्षित समुदायसहित आम जनताको आवश्यकता र भावना सम्बोधन गर्न सफलता प्राप्त होस् । भ्रष्टाचारमुक्त, दिगो विकास, सञ्चारमैत्री, समृद्ध राष्ट्र निर्माणमा सक्षम रहनुहोस् भन्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल दैनिक परिवार


purwanchaldaily.com

## भिटा विक्रीमा

बिर्तामोड नगरपालिका–१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर भिटा तु–विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला ।

मो. ९८०७९२२३०१

## वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक

अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा

०२३-५९११७४, ९८२०४९११७४

# बाँदरलाई तड्पाउँदै हत्या अभियोगमा युवक पक्राउ



**ताप्लेजुङ, फागुन २७।** ताप्लेजुङमा बाँदरलाई अमानवीय व्यवहार गरी हत्या गरेको अभियोगमा एक युवक पक्राउ परेका छन्। पाथीभरा याङ्वरक-२ थेचम्बूका २१ वर्षीय युवक संगम भनिने छुप्पु हेम्ब्यालाई प्रहरीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी, प्रहरी निरीक्षक जटाशंकर यादबका अनुसार हेम्ब्या पाँचथरको हिलिहाङ गाउँपालिका-२ सिंहपुर घर भई हाल ताप्लेजुङको थेचम्बू ससुरालीमा बसोबास गर्दै आइरहेका थिए। हेम्ब्यालाई थेचम्बूको माङ्जाबुङ भन्ने स्थानमा करिब आधा दर्जनभन्दा बढी बाँदरलाई हत्या गरेको अभियोगमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ।

उनले पटक-पटक बाँदरलाई अमानवीय ढङ्गले कुटपिट गरेर मारेको स्थानीयको भनाइ छ। बाँदरलाई कुटपिट तथा घरपालुवा जनावर कुकुरलाई टोकाएर मारेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि घटनाको विषयमा प्रहरीले चासो दिएको थियो।

प्रहरीले हेम्ब्यालाई नियन्त्रणमा लिएर थप अनुसन्धानको कार्यलाई जारी राखेको प्रहरी निरीक्षक शंकरले जानकारी दिए। आहाराको अभावका कारण पछिल्ला समय बाँदरहरू बस्तीमा पस्ने क्रम बढिरहेको छ। जङ्गलको विनाश हुने क्रम बढेकाले आहारको कमी भएपछि बाँदर बस्तीमा प्रवेश गर्न थालेको स्थानीयको भनाइ छ।

# रुखबाट लडेर एक जनाको मृत्यु

**संखुवासभा, फागुन २७।** संखुवासभाको चैनपुर नगरपालिका-७मा रुखबाट लडेर एक जनाको मृत्यु भएको छ।

चैनपुर-७ फलाटेमा घाँस काट्ने क्रममा रुखबाट लडेर ४० वर्षीय रामबहादुर बर्देवाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक सूचना अधिकारी धनबहादुर राजवंशीले जानकारी दिए।

बुधबार दिउँसो रुखबाट लडेर गम्भीर घाइते भएका बर्देवाको आधारभूत अस्पताल चैनपुरमा पुऱ्याउँदा अस्पतालले मृत घोषणा गरेको थियो। घटना लगत्तै इलाका प्रहरी कार्यालय चैनपुरका प्रहरी निरीक्षक पर्शुराम राई सहितको टोली घटनास्थल पुगेको थियो।

# बदलाको कथामा 'मुक्तिपुर' बन्ने

अपराध र बदलाको कथामा फिल्म 'मुक्तिपुर' निर्माण हुने भएको छ। मंगलबार बिहान काठमाडौंको बसुन्धारास्थित इन्द्रायणी मन्दिरमा मुहूर्त पूजा गर्दै फिल्मको औपचारिक रूपमा निर्माण घोषणा गरियो।

मुहूर्तसँगै फिल्मको छायाकंन पनि सुरू गरिएको छ। काठमाडौं आसपासका क्षेत्रमा ४० दिन फिल्मको छायांकन हुने जनाइएको छ।

साहिबा फिल्मस् प्रोडक्सनको ब्यानरमा निर्माण हुने यस फिल्मलाई सुनिल पाण्डेले निर्देशन गर्नेछन्। यो उनको डेब्यु निर्देशन हो। यसको कथा उनी स्वयंले तयार पारेका हुन्। उनले 'मुक्तिपुर'ले एक आम परिवारको प्रतिनिधित्व गर्ने पात्रको जीवनमा आउने अकल्पनीय मोड र त्यसपछिको बदलाको कथा बोल्ने बताए।

फिल्ममा नाजिर हुसेन, गौरव पहारी, प्रकाश शाह, एवनराज उप्रेती र आकृति बुढाथोकी प्रमुख भूमिकामा देखिनेछन्। आकृतिले यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यु गर्न लागेकी हुन्।

घनश्याम जोशी, सरस्वती अधिकारी, अनिल कुर्मी, स्वायम केसी, हरोन अली, उदय अली, सारा शर्मा, अनामिका लामिछाने लगायतका कलाकारहरूको पनि फिल्ममा अभिनय रहनेछ।

शरद महतोको छायांकन तथा सम्राट बस्नेतको द्वन्द्व निर्देशन रहने यस फिल्ममा विजय राजवंशी र रोशन पासवान निर्मातामा छन्। 'एभरेष्ट फिल्म एकेडेमी'ले पनि निर्माणमा सहकार्य गरेको छ।

फिल्मका कार्यकारी निर्माता विशाल श्रेष्ठ तथा सह-निर्माता केशव गौतम हुन्। निर्माण टिमले छायांकन सकिएको ६ महिनाभित्र फिल्म प्रदर्शन गर्ने लक्ष्य राखेको छ।

## कांग्रेस ...

गतिविधि गर्दै आएको र प्रतिनिधिसभा निर्वाचन-२०८२मा पार्टीले उठाएका उम्मेदवारका बिरुद्ध गतिविधि गर्दै विपक्षी उम्मेदवारको पक्षमा प्रचारप्रसार गरेको पाइएपछि निष्काशनको सिफारिस गरिएको जनाइएको छ।

## अन्तर्राष्ट्रिय ...

भएकाले यस विषयमा नेपाल सरकारले आवश्यक पहल र चासो देखाउने समाजले विश्वास लिएको अध्यक्ष चौलागाँईले बताए। संस्थापक अध्यक्ष तथा संरक्षक पोखरेलले नेपाली नागरिकको सुरक्षा र उद्धारमा सरकारकोतर्फबाट गर्नुपर्ने पहलमा ढिलाइ गर्न नहुने बताएका छन्। ज्ञापन-पत्र बुझेपछि मन्त्री शर्माले सरकारले परिस्थितिको गाम्भीर्यता बुझेर आवश्यक पहल थाल्ने बताएका छन्।

## भरुवा ...

बन्दुकसहित सोमबार पक्राउ गरिएको प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय हेदाङनाबाट खटिएको प्रहरी निरीक्षक वीरेन्द्रकुमार यादवको टोलीले घर खानतलासी गर्दा उक्त बन्दुक बरामद गरेको हो।


Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com



सहारा नेपाल (SAHARA NEPAL)
केन्द्रीय कार्यालयः झापा

## बोलपत्र आव्हानको सूचना

**प्रथमपटक सूचना प्रकाशित मितिः २०८२/११/२८**
**सूचना नं.: 04/SN/CHP/PB/2082/083**

सहारा नेपाल तथा ह्यावीट्याट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित सुरक्षित आवास प्रवर्द्धन कार्यक्रम अन्तर्गत **Cement Bamboo Framing Technology (CBFT)** प्रयोग गरी विराटनगरमा एक सार्वजनिक भवन निर्माण कार्य गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक तथा प्रचलित कानून अनुसार दर्ता भएका योग्य निर्माण व्यवसाय कम्पनी/फर्महरुबाट सिलबन्दी कोटेशन आव्हान गरिएको छ।

**बोलपत्रको विवरण**

| क्र.स. | निर्माण कार्यको संक्षिप्त विवरण | भवनको प्रकार | निर्माण स्थल | भवनको साईज | भवन संख्या |
|---|---|---|---|---|---|
| १ | निर्माण प्रविधि : Cement Bamboo Framing Technology (CBFT- Cement तथा Treated Bamboo) | सार्वजनिक भवन | विराटनगर, मोरङ | लम्बाई : ३३ फिट १ इन्च<br>चौडाई : २० फिट ४ इन्च<br>उचाई : १६ फिट ६ इन्च | १ |

- सिलबन्दी कोटेशन पेश गर्न चाहने इच्छुक योग्य फर्म तथा निर्माण व्यवसाय कम्पनीले मिति २०८२/१२/०७ गते कार्यालय समयभित्र शिलबन्दी कोटेशन पेश गरिसक्ने छ। सिलबन्दी कोटेशन साथमा कम्पनी/फर्म/व्यवसाय दर्ता, पान नम्वर वा भ्याट नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्र आ व २०८१/०८२ को प्रतिलिपि र कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपि साथै मौजदा प्राविधिक जनशक्तिको विवरण पेश गनुपर्ने छ।
- सिलबन्दी कोटेशन सम्बन्धि कागजात केन्द्रिय कार्यालय विर्तामोड-२,झापामा मात्र संकलन गरिने छ।
- सिलबन्दी कोटेशन स्वीकृत गर्ने, रद्द गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सहारा नेपालमा सुरक्षित रहने छ।
- विस्तृत प्राविधिक विवरण तथा भवनको डिजाईन कार्यालयबाट प्राप्त गर्न सकिने छ।

सम्पर्क : **सहारा नेपाल**
विर्तामोड-२,चारपाने, झापा
फोन नं : ०२३-५३११९८


# डेन्टल क्लिनिकः चिकित्सकको नाम बोर्डमा, गैरचिकित्सकबाट उपचार

**सिरहा, फागुन २७।** लहानस्थित विभिन्न डेन्टल क्लिनिकहरूमा नेपाल मेडिकल काउन्सिलले बुधबार आकस्मिक स्थलगत अनुगमन गर्दा गैर चिकित्सकबाट उपचार भइरहेको गम्भीर तथ्य फेला परेको छ।

नेपाल मेडिकल काउन्सिलअन्तर्गतको व्यवसायिक आचरण तथा स्वास्थ्य समितिका संयोजक डा. अजयकुमार साहको नेतृत्वमा खटिएको टोलीले लहान-३स्थित अस्पताल चोक क्षेत्रमा सञ्चालित केही डेन्टल क्लिनिकहरूको अनुगमन गरेको हो।

अनुगमनका क्रममा हिमाल डेन्टल क्लिनिक, राधा कृष्ण डेन्टल क्लिनिक तथा वेस्ट राधा डेन्टल क्लिनिकमा सम्बन्धित विषयको योग्यताप्राप्त विशेषज्ञ चिकित्सक बिना नै उपचार सेवा सञ्चालन भइरहेको पाइएको काउन्सिलले जनाएको छ। ती क्लिनिकहरूमा केवल करिब साढे दुई वर्ष 'डेन्टल हाइजेनिष्ट' अध्ययन गरेका जनशक्तिको भरमा बिरामीको उपचार भइरहेको भेटिएको छ।



काउन्सिलका अनुसार केही सञ्चालकहरूले अन्य चिकित्सकको नाम बोर्डमा राखेर भित्र आफूखुशी उपचार गर्ने, चिकित्सकको कीर्ते हस्ताक्षर गर्ने तथा प्रचलित स्वास्थ्य ऐन, नियमावली र मापदण्ड विपरीत क्लिनिक सञ्चालन भइरहेको समेत पाइएको छ।

अनुगमन टोली पुग्ने सूचना पाएपछि सगरमाथा डेन्टल क्लिनिकका सञ्चालक भने क्लिनिक बन्द गरेर फरार भएका थिए।

अनुगमन टोलीका संयोजक डा. अजयकुमार साहले बिना योग्य चिकित्सक क्लिनिक सञ्चालन गर्नु गम्भीर कानूनी उल्लंघन भएको बताए। उनले भने- योग्य चिकित्सक बिना डेन्टल क्लिनिक सञ्चालन गर्नु कानून विपरीत मात्र होइन, यसले सर्वसाधारणको स्वास्थ्य र ज्यानमाथि प्रत्यक्ष जोखिम निम्त्याउँछ। प्राप्त उजुरीका आधारमा हामीले स्थलगत अनुगमन गरी यस्ता अवैध क्लिनिकहरूको पहिचान गरेका छौं र दोषीमाथि प्रचलित कानून अनुसार कारबाही प्रक्रिया अघि बढाइनेछ।

अनुगमन टोलीमा डा. साहसहित विज्ञका रुपमा डा. राजीव शर्मा र डा. सुमन कर्ण सहभागी थिए। काउन्सिलले आगामी दिनमा पनि विभिन्न स्थानमा यस्ता अनुगमनलाई निरन्तरता दिने जनाएको छ।


नेपाल चिकित्सक संघ, मेची शाखाको

## शाखा कार्यकारिणी समितिको निर्वाचन सम्बन्धी सूचना

यस शाखाको नयाँ कार्यकारिणी समिति गठनका लागि निर्वाचन हुने हुँदा इच्छुक चिकित्सकले उम्मेदवारीका लागि निम्न मिति, समय र स्थानमा सम्पर्क गर्न अनुरोध गर्दछौं।

**उम्मेदवारी दर्ता :** २०८२।११।२८ देखि २०८२।१२।०२गतेसम्म
**उम्मेदवारी फिर्ताः** २०८२।१२।०३ विहान १० बजेदेखि बेलुका ५ बजेसम्म
**निर्वाचन मिति प्रकाशनः** २०८२।१२।०५ गते

**स्थानः** मनमोहन अस्पताल
**समयः** विहान १०बजेदेखि बेलुका ५ बजेसम्म
**सम्पर्कः** डा. रामबाबु खड्का


**निर्वाचन समिति**
**नेपाल चिकित्सक संघ**
**मेची शाखा**



## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**
- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा, कोशी प्रदेश (नेपाल)को**

## किसान सूचीकरण सहजकर्ता छनौटको लागि आवेदन दिने सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति २०८२।११।२७ गते**

यस बिर्तामोड नगरपालिकको आ.व. २०८२।०८३को स्वीकृत संघीय सर्शत अनुदानतर्फको किसान सूचीकरण सम्बन्धी कार्यक्रम अन्तर्गत विभिन्न वडामा बाकी रहेका किसान परिवारको वैयक्तिक तथा कृषि तथ्यांक संकलन र प्रविष्टिको लागि किसान सूचीकरण सहजकर्ता आवश्यक परेको हुँदा तपशिल बमोजिम योग्यता पुगेका व्यक्तिहरुले आवश्यक कागजातसहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा अर्को दिनको १२ बजे सम्म मात्र) बिर्तामोड नगरपालिकको पशुपन्छी तथा मत्स्य विकाश शाखामा आवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी वा रीत नपुगी प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही हुने छैन।

**पदको विवरण**

| क्र.सं. | विज्ञापन नं. | विज्ञापन नं. | माग संख्या |
|---|---|---|---|
| १ | २।०८२।०८३ | किसान सूचीकरण सहजकर्ता | १२ जना |

**तपशिल**
- निवेदन
- नेपाली नागरिकताको प्रतिलिपि
- आवश्यक न्यूनतम योग्यताः १२ कक्षा उत्तीर्ण, कम्प्युटर सम्बन्धी ज्ञान सिप भएको, स्थानीय वासिन्दा र आफ् नै Android, Pad, Tablet, Laptop भएकालाई प्राथमिकता दिइने।
- उमेर हदः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
- सेवा सुविधाः किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८२" बमोजिम।
- परीक्षाको किसिमः सिप परीक्षण र अन्तर्वार्ता।

**थप जानकारीका लागि पशुपन्छी तथा मत्स्य विकाश शाखा वा ९८४२६३९५९२/ ९८१५९९४८६१ मा सम्पर्क गर्न सकिनेछ।**



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

जस विर राई को नाति, कुल बहादुर राई को छोरा, मेची अञ्चल झापा जिल्ला तोपगाछी गाउँ पञ्चायत वडा न. ७ स्थाई ठेगाना भई कोशी प्रदेश, झापा जिल्ला, कमल गा.पा. वडा नं. ३ मा बस्ने स बहादुर राईले यस शाखामा बचत खाता नं. **२१९१५२४०३००१९२** संचालन गर्दै आउनु भएकोमा मिति वि.सं. २०८२/०९/१९ मा निज खातावाला स बहादुर राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खाताहरुमा रहेको रकम पाउं भनी निज मृतकको पत्नी नाता पर्ने आशमती राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ।

**बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक स बहादुर राई को नाममा यस शाखामा रहेको बचत खाताबाट भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको दमक शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
**दमक शाखा, दमक, झापा**
**फोन नम्बर : ०२३-५८५४१५**
**फ्याक्सः- ०२३-५८५४१६**



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

विष्णु वहादुर पौडेल की छोरी, महेन्द्र वस्नेत की पत्नी, कोशी अञ्चल मोरङ जिल्ला सिजुवा गाउँ पञ्चायत वडा न. ५ स्थाई ठेगाना भई कोशी प्रदेश, झापा जिल्ला, दमक न.पा वडा न. १०मा बस्ने धनमाया पौडेलले यस शाखामा बचत खाता नं. **२१९१५२४०७००८४१** संचालन गर्दै आउनु भएकोमा मिति वि.सं. २०८१/०४/२६ मा निज खातावाला धनमाया पौडेलको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खाताहरुमा रहेको रकम पाउं भनी निज मृतकको पति नाता पर्ने महेन्द्र बस्नेतले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ।

**बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक धनमाया पौडेल को नाममा यस शाखामा रहेको बचत खाताबाट भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको दमक शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
**दमक शाखा, दमक, झापा**
**फोन नम्बर : ०२३-५८५४१५**
**फ्याक्सः- ०२३-५८५४१६**



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

डिक विर देवान को नाति, सन मान देवान को छोरा, कोशी प्रदेश मोरङ जिल्ला पथरी शनिश्चरे न.पा वडा नं. १ स्थाई ठेगाना भई हाल सोही ठाउँमा बस्ने मन प्रसाद देवानले यस शाखामा बचत खाता नं. **२१९१५२४०३००४१९** संचालन गर्दै आउनु भएकोमा मिति वि.सं. २०८२/०६/२८ मा निज खातावाला मन प्रसाद देवानको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खाताहरुमा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने बम बहादुर देवानले मृत्यु दर्ता प्रमाण-पत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ।

**बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक मन प्रसाद देवान को नाममा यस शाखामा रहेको बचत खाताबाट भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको दमक शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
**दमक शाखा, दमक, झापा**
**फोन नम्बर : ०२३-५८५४१५**
**फ्याक्सः- ०२३-५८५४१६**



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

सुन्दर सिं राई की छोरी, टेक बहादुर राई की पत्नी कोशी प्रदेश ईलाम जिल्ला बांझो गा.वि.स वडा न. ७ स्थाई ठेगाना भई हाल कोशी प्रदेश ईलाम जिल्ला माङसेबुङ गा.पा. वडा न. ३ मा बस्ने पूर्नि माया राईले यस शाखामा बचत खाता नं. **२१९१५२४०३००८२३** सञ्चालन गर्दै आउनु भएकोमा मिति वि.सं. २०८२/०९/०७मा निज खातावाला पूर्नि माया राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खाताहरुमा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने देश बहादुर राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ।

**बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक पूर्नि माया राई को नाममा यस शाखामा रहेको बचत खाताबाट भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको दमक शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
**दमक शाखा, दमक, झापा**
**फोन नम्बर : ०२३-५८५४१५**
**फ्याक्सः- ०२३-५८५४१६**


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

## पूर्वाञ्चल
### सम्पादकीय

## युवा समृद्धिका बाहक बनून्

**ऐतिहासिक रुपमै यसपटकको निर्वाचनमा नयाँ तथा युवा सांसदहरुले प्रवेश पाउँदैछन् । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा ऐतिहासिक रेकर्ड कायम गरेका तथ्यांकहरुकै सूचीमा युवा र नयाँ सदस्यको प्रवेश मुख्य हो । अघिल्लो आवधिक निर्वाचन अर्थात् २०७९ मा प्रत्यक्ष र समानुपातिक गरी एक्काइस सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले परिस्थितिजन्य सम्पन्न यो निर्वाचनमा संसदको दुईतिहाइ सदस्य आफ्नो पोल्टामा पारेर सर्वाधिक महत्त्वको रेकर्ड कायम गरेको हो । यसकारण पनि संसद प्रवेश गर्ने प्रत्यक्ष तर्फबाट निर्वाचित कूल एक सय पच्चीस जनामध्ये एक सय तेह्र जना नयाँ छन् । त्यसैगरी दोस्रो ठूलो दल बनेको नेपाली कांग्रेसले जितेको कूल अठाह्र मध्ये चौध जना नयाँ सदस्यले, एमालेका कूल नौ जना मध्ये तीन जना नयाँ अनुहार छन् । त्यस्तै नेपाली कम्युनिष्ट पार्टीबाट जितेका कूल आठ जना मध्ये तीन जना नयाँ छन् ।**

**प्रत्यक्ष तर्फबाट निर्वाचित नयाँ अनुहार मध्ये सबैभन्दा धेरै युवा नै छन् । यस हिसाबले देशलाई समृद्ध बनाउन, भ्रष्टाचारको अन्त्य गर्न र सुशासन कायम गर्न युवा शक्ति लाग्नु पर्दछ । परिवर्तनको चाहना राख्ने मतदाताको भावना मतपेटिका मार्फत निर्वाचित सदस्यहरुको जिम्मेवारीमा आएको छ । भदौ २३-२४ गते भएको विद्यार्थी तथा युवाहरुको विद्रोहको जगमा टेकेर आमनिर्वाचन मार्फत संसद प्रवेश गरेका प्रतिनिधिहरुले नेपाली जनताको संघर्ष र बलिदान खेर जानु हुँदैन । त्यही विद्रोहकै परिणति अन्तरिम सरकार र सरकारको दृढताले सम्पन्न आमनिर्वाचनको परिणाम पुराना दलहरुको नेतृत्वको संकीर्णता, अहंकार, दम्भ र स्वेच्छाचारिताका कारण जनताबाट उपेक्षित हुन पुगे । यस्तो कठिन घडीमा रास्वपाले पाएको अपार जनसमर्थनको गौरवलाई जोगाइ राख्न सुशासन र भ्रष्टाचारबिरुद्धको शून्य सहनशीलता कामबाट देखिनु पर्दछ ।**

**निर्वाचनअघि नै प्रधानमन्त्रीको उम्मेदवारका रुपमा प्रस्तुत गरेका दल मध्ये रास्वपा एक हो । रास्वपामा भर्खरै प्रवेश गरेका काठमाडौं महानगर प्रमुख पदबाट राजीनामा दिएर संसदीय राजनीतिमा चमत्कारी ढंगले प्रवेश गरे । नगर प्रमुख हुँदाको तीन वर्षको कार्यकालमै राम्रा काम गरेर सबैको मन जितेका बालेन्द्र शाह देशकै युवाशक्तिको आकर्षणको केन्द्र बनेर अझ पूर्वी नेपालको झापा अझ निर्वाचन क्षेत्र ५ मा पूर्व प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओलीसँग प्रतिष्पर्धा गर्ने साहसपूर्ण निर्णय गरेर विश्वव्यापी रुपमै चर्चाको केन्द्रमा रहे । निर्वाचन सम्पन्न भई परिणाम पनि सार्वजनिक भइसकेको छ । अब बालेन्द्र शाह प्रधानमन्त्री बन्ने निश्चित छ । तर, उनी र उनको दल रास्वपाका अघि चुनौतीको पहाड निक्कै अग्लो छ । उनले मुलुकबासी र राष्ट्रको हितलाई सर्वोपरि राखेर नेपालीको स्वाभिमान, स्वाधीनता, स्वतन्त्रता र आत्मसम्मानको श्रीवृद्धि गर्नु पर्दछ । छिमेकी देशहरुसँग सुमधुर, निकटदूरी, सन्तुलित र पारदर्शी सम्बन्ध राखेर विदेशी लगानीलाई समेत आकर्षित गर्नुपर्छ । यसो गरिए विदेशिएका लाखौं नेपाली युवाले स्वदेश फिर्ने वातावरण तय हुन्छ र गाउँ फेरि उर्वर हुन्छ, आत्मनिर्भरता बढ्छ, सबैको सहकार्यबाट देश शान्त र समृद्ध बन्न सक्छ ।**

# जनताले मागे जति मत अब निराश नबनाऊ



**डा. कल्याणराज शर्मा**

अहिलेको नेतृत्वले अझ बढी आत्मानुशासन, विनम्रता र जिम्मेवारीका साथ काम गर्दै जनताको विश्वासलाई सम्मान गर्न सके यो नयाँ आशा दिगो बन्न सक्छ ।

नेपालको राजनीतिक इतिहासमा एउटा गहिरो मनोवैज्ञानिक वास्तविकता स्पष्ट देखिन्छ- नेपाली जनता सधैँ आशावादी हुन्छन्, तर बारम्बारको निराशा उनीहरूको नियति बन्छ । परिवर्तनका नारा, नयाँ नेतृत्वको उदय र विकासका सपना हाम्रो समाजका लागि नयाँ कुरा होइनन् । तर, विडम्बना के भने ती सपनाहरू हालसम्म व्यवहारमा रूपान्तरण हुन सकेका छैनन् । यद्यपि, अहिलेसम्मका उपलब्धिहरू पनि हाम्रो समाजको अग्रगमनका लागि नै थपिएका इँटाहरू हुन् भन्ने स्वीकार गर्नुपर्छ ।

नेपाली जनताले आफ्नो अधिकार, स्वतन्त्रता र समृद्धिको आकांक्षाका लागि निरन्तर संघर्ष गरेका छन् । इतिहासका विभिन्न चरणमा जनताले राजनीतिक शक्तिहरूलाई विश्वास गरेर परिवर्तनको पक्षमा उभिएका छन् । राणाकालमा परिवर्तनका पक्षमा सानो भए पनि स्वर उठ्यो र २००७ को आसपासमा जनताको विजय भयो । २०४६ मा बहुदलीय प्रजातन्त्रका लागि र २०६२ को अभूत पूर्व जनआन्दोलन गणतन्त्रको पक्षमा भए तर वास्तवमा हालसम्मका आन्दोलनहरू केवल सत्तापलटका लागि र व्यवस्थाबिरुद्ध थिए भन्नु इतिहासको गलत व्याख्या हुन्छ । यसप्रकारका जनउभारहरू जनताका आकांक्षा र भावना समेट्न तथा आर्थिक सामाजिक विकासका लागि हुन् । तर आज पनि एउटा मूल प्रश्न अनुत्तरित छ- किन हरेक परिवर्तनपछि जनअपेक्षा अनुसारको परिणाम हासिल हुन सकेन ?

२०१५ सालको आमनिर्वाचन नेपालको लोकतान्त्रिक यात्राको महत्त्वपूर्ण अध्याय थियो । नेपाली जनताले नेपाली कांग्रेसलाई दुईतिहाइ बहुमत दिएर लोकतन्त्रप्रतिको आफ्नो विश्वास प्रकट गरेका थिए । वास्तवमा त्यो जनादेश जनताको आकांक्षा, आशा र विश्वासको प्रतीक थियो । तर दुर्भाग्यवश त्यो खुशी लामो समय टिक्न सकेन । राजा महेन्द्रले सरकार बनेको १८ महिनामै 'सैनिक कू' गरेर पञ्चायती व्यवस्थाको स्थापना गरे । त्यसपछि देश तीन दशकसम्म फरक राजनीतिक संरचनामा गयो । पञ्चायती व्यवस्थाको ३० वर्षपछि २०४६ सालको जनआन्दोलनले बहुदलीय लोकतन्त्र पुनर्स्थापित गर्‍यो ।

विश्वमा प्रजातन्त्रको लहर चलेका बेला नेपालमा भएको उक्त आन्दोलनले देशभरि ठूलो आशा जगायो । उक्त आन्दोलनपश्चात् पनि जनताले देशमा अब राजनीतिक स्थिरता कायम हुने र विकासको लय अघि बढ्ने अपेक्षा नै गरेका थिए । तर त्यो अपेक्षा दीर्घकालीन रूपमा पूरा हुन सकेन। प्रजातन्त्र पुनर्स्थापनापछि पनि सरकारहरूमा आन्तरिक द्वन्द्व, सत्ता संघर्ष र गुटबन्दी मौलाउँदै गयो भने जनअपेक्षा अनुसार सुशासन, पारदर्शिता र विकासमा हामी धेरै नै पछि रहिरह्यौं । लगत्तै देशले अर्को ठूलो राजनीतिक उथलपुथल अनुभव गर्‍यो २०५२ बाट । २०४६ पछिको कुशासन, अस्थिरता, भ्रष्टाचार र



अव्यवस्थाका बिरुद्ध माओवादी सशस्त्र द्वन्द्व हुँदा देश दशक लामो संघर्षमा फस्यो ।

२०६३ मा शान्ति प्रक्रियामा प्रवेश गरेसँगै फेरि जनतामा नयाँ आशा पलायो । आमनागरिकले विश्वास गरेका थिए कि भीषण संघर्ष गरेर आएको राजनीतिक शक्ति भएकाले माओवादीहरूले देशमा नयाँ राजनीतिक संस्कार र परिवर्तन ल्याउने छन् र सुशासनको मशाल बोक्ने छन् । तर यो बीचको समयमा के-के भयो भन्ने विषयमा नयाँ पुस्ता समेत जानकार छ । माओवादीलाई व्यापक जनसमर्थन भए पनि देशमा अपेक्षित स्थिरता देखिएन । पार्टीभित्रै विभाजन र शक्ति संघर्ष बढ्दै गए । अन्ततः त्यो शक्ति पनि टुक्रिँदै गयो । आन्तरिक रूपमा जे भनेर विवाद सिर्जना गरे पनि उक्त दलको विभाजनले देशमा अस्थिरता ल्यायो र यो बीचको अवधिमा भए/गरेका विभिन्न राजनीतिक घटनाक्रमको मुहान बनेर स्थापित भयो ।

यसक्रममा २०४६ देखि अहिलेसम्मको राजनीतिक यात्रालाई नियाल्दा एउटा समानता देखिन्छ । हरेक नयाँ शक्ति उदाउँदा उसले समाजमा ठूलो आशा, सपना र उत्साह देखाउँछ । समृद्ध राष्ट्र बनाउने वाचासहित कसैले त नेपाललाई सिंगापुर वा स्विट्जरल्यान्ड हाराहारीकै विकास गर्ने भाषण पनि गर्छन् । भाषणहरू आकर्षक हुन्छन्, नाराहरूले उत्साह भर्छन् तर अन्ततः ती सपनाहरू व्यवहारमा परिणत हुन सकेका छैनन् । हाम्रा सपनाहरू साकार नहुँदा वास्तवमै भित्रभित्रै उकुसमुकुस र दमित भएका छन् ।

फलतः आज पनि नेपाल विकास सूचकहरूमा पछाडि छ । गरीबी, बेरोजगारी, कमजोर औद्योगिक आधार, पूर्वाधारको अभाव र सीमित आर्थिक अवसरहरू प्रमुख चुनौतीका रूपमा विद्यमान छन् । थप चिन्ताजनक पक्ष के छ भने नेपाल क्रमशः श्रम निर्यातमा निर्भर अर्थतन्त्रको रूपमा चिनिन थालेको छ । लाखौं युवा रोजगारीको खोजीमा विदेश जान बाध्य भएका छन् भने हाम्रो अर्थतन्त्र डच डिजिजले थलिने अवस्थामा पुगेको छ ।

**नेपालले विकासको गति किन समाएन ?**

विगत ५०-६० वर्षको इतिहासलाई हेर्ने हो भने धेरै देशको
अवस्था कुनै समय नेपालको भन्दा धेरै
कोरिया, सिंगापुर, मलेसिया, भियतनाम
देशहरू पनि कुनै समय आर्थिक रूपमा
देशहरूले राजनीतिक स्थिरता कायम ग
रणनीतिमा ध्यान केन्द्रित गरे । परिण
उल्लेखनीय आर्थिक फड्को मारे । नेपा
निरन्तर राजनीतिक अस्थिरताको चक्रमा
ऊर्जा मुख्यतः सत्ता परिवर्तन, व्यवस्
परिवर्तनमै खर्च भयो । विकासका दीर्घ
राजनीतिक संघर्ष प्राथमिक विषय बनिरह्य
अमूल्य समय गुमायो ।

राजनीतिप्रति जनताको निराशा बढ्दै
समयमा देखिँदै आएको थियो । कतिप
रूपमा नै 'नेता आए भने सबैले चोर
गरेका थिए । यस्ता अभिव्यक्तिहरू हलु
लागे पनि त्यसले जनताको मनोविज्ञान
पक्कै हो । संसद्मै पनि केही नेताहरूले
वितृष्णा बढिरहेको चेतावनी दिएका थिए
प्रयास नहुँदा त्यो असन्तुष्टि झन् गहिरि

यो बीचमा मुख्यतः सुशासनमा गरिएक
नयाँ राजनीतिक शक्तिका रूपमा राष्ट्रिय स्व
र भीमकाय उदय भएको देखिन्छ, जसको
गरे र पछि बालेन्द्र शाह (बालेन) पनि
फागुन २१ को चुनावमा जनताले क
दिए । रास्वपाको उदय कुनै एक व्यक्ति
बरु लामो समयदेखि सञ्चित जन असन्तु
हो । पुराना दलहरूले देखाएका बेथि
वाचाहरूले जनतामा नयाँ विकल्पको खोज
निश्चित हो ।

यसमा अर्को महत्त्वपूर्ण पक्ष युवा
समयदेखि राज्य सञ्चालनमा रहेका नेत
पर्याप्त अवसर दिन सकेनन् भन्ने आव
उठ्दै आएको छ । देशभित्र रोजगारीक
लाखौं युवा विदेश गए । आज अभिलेख
र त्यति नै आसपासमा अलेखबद्ध नेपा
बसेर विकासको फरकस्तर र आधुनिक
गरिरहेका छन् । त्यसको तुलना नेपालसँग
गहिरो हुँदै गयो । त्यसैले अहिलेको चुनाव
मात्र विजय होइन बरु पुरानो राजनी
असन्तुष्टिको अभिव्यक्ति हो भन्ने स्पष्
आज धेरै नेपालीले व्यक्तिभन्दा पनि वि
छन् । 'पुरानालाई देखिहाल्यौं, अब नय
भन्ने भावना समाजमा व्यापक रूपमा दे

अब हाम्रासामु अर्को महत्त्वपूर्ण प्रश्
शक्ति सधैँ सफल हुन्छ ? इतिहासले के दे



# थकान कम गर्न अपनाउनुपर्ने उपाय

**आइरनको स्तर जाच गर्नुहोस्**

शरीरमा आइरनको कमीलाइ थकान र अनिद्राको कारण मानिन्छ । विशेषगरी बच्चाहरू, किशोरीहरू, गर्भवती महिलाहरू, खेलाडीहरू, शाकाहारीहरू र बारम्बार रगतदान गर्नेहरूमा आइरनको कमी हुने सम्भावना बढी हुन्छ ।

- मासु, माछा, गेडागुडी, हरियो सागसब्जी र भिटामिन सी युक्त खानेकुरा सेवन गर्दा आइरनको स्तर राम्रो रहन्छ ।
- यदि तपाईंले लामो समयदेखि थकानको महशुस गरिरहनुभएको छ भने फेरिटिन वा हेमोग्लोबिनको परीक्षण गर्न डाक्टरसँग परामर्श लिनुहोस् ।

**आइरनको स्तर जाँच गर्नुहोस्**

शरीरमा आइरनको कमीलाई थकान र अनिद्राको कारण मानिन्छ । विशेषगरी बच्चाहरू, किशोरीहरू, गर्भवती महिलाहरू, खेलाडीहरू, शाकाहारीहरू र बारम्बार रगतदान गर्नेहरूमा आइरनको कमी हुने सम्भावना बढी हुन्छ ।

- मासु, माछा, गेडागुडी, हरियो सागसब्जी र भिटामिन सी युक्त खानेकुरा सेवन गर्दा आइरनको स्तर राम्रो रहन्छ ।
- यदि तपाईंले लामो समयदेखि थकानको महशुस गरिरहनुभएको छ भने फेरिटिन वा हेमोग्लोबिनको परीक्षण गर्न डाक्टरसँग परामर्श लिनुहोस् ।

**स्वस्थ आहार ग्रहण गर्नुहोस्**

अध्ययनहरूले देखाएको छ कि फलफूल र तरकारी बढी खाने व्यक्तिहरूको निद्रा राम्रो हुन्छ, जबकि फास्ट फुड र चिनी धेरै भएको पेय पदार्थहरू सेवन गर्नेहरूको निद्रामा समस्या हुन्छ ।

- मेडिटेरेनियन डाइट (फलफूल, तरकारी, गेडागुडी, नट्स, साबुत अन्न, कम फ्याट भएका दुग्धजन्य पदार्थ) अपनाउनु लाभदायक हुनसक्छ ।
- हरियो सागसब्जीमा पाइने भिटामिन ए, सी, तथा आइरन जस्ता खनिजहरूले निद्रामा सुधार ल्याउँछ ।

**नियमित रूपमा व्यायाम गर्नुहोस्**

- दैनिक हल्का व्यायाम जस्तैः हिँड्नु, योग गर्नु वा कार्डियो एक्सरसाइज गर्नु, निद्रा राम्रो बनाउन मद्दत गर्छ ।
- हप्तामा कम्तीमा तीन दिन व्यायाम गर्नु बढी प्रभावकारी देखिएको छ ।
- राति सुत्नुभन्दा दुई घण्टा अघि हल्का व्यायाम गर्दा निद्रामा असर पर्दैन ।

**मदिरा र धूम्रपान त्याग्नुहोस्**

- धुम्रपान अनिद्रासँग जोडिएको छ, जसले हल्का निद्रा र थकानको समस्या निम्त्याउन सक्छ ।
- मदिराले सुरुवातमा निद्रा ल्याए पनि, रातभर राम्रो निद्रा आउँदैन र निद्रा चक्र बिगार्छ ।

**नियमित रूपमा बिहानको खाजा खानुहोस्**

- बिहानको खाजा नियमित खाने गर्नाले शारीरिक र मानसिक ऊर्जा बढ्छ ।
- नियमित रूपमा खाजा खानेहरू कम थकानको महशुस गर्छन् ।
- एक निश्चित समयमा खानपान गर्दा शरीरको जैविक घडी (बडी क्लक) सन्तुलित रहन्छ ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय अनुकूल देखिएको छ, सानो भए पनि काम फत्ते हुने योग छ, तर बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन हर्षित हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** मनमा उमँगर बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, मावली पक्षबाट शुभ समाचारको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय बलवान रहेको छ, यो अवधिमा नयाँकामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** आज तपाईलाई धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले विशेष व्यक्तिलाई प्रभावित बनाउन सकिने छ, साथीभाइबाट शुभ खबर सुन्न पाइने छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ताले शरिर गलेर जानेछ, मध्यान्हपछि काम बन्नाले मन खुशी रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बुद्धिको उपयोगले धन आगमन हुनेछ, तपाईको कामको प्रशंसा हुने योग छ, उपहार प्राप्तको योग रहेको छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** तपाईको आजको दिन शुभ रहेको छ, रमाइलो पारिवारिक जमघट हुनेछ, दिन रमाइलोसँग बित्नेछ, खर्च हुने योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** मन प्रशन्न रहला, स्वास्थ्य लाभको साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइने छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** बोलिमा विचार पुऱ्याउनुहोला, बोलिको भरमा काम बन्नेछ, स्वास्थ्यमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनाले मन हर्षित रहला ।

**मिति २०८२/११/२७ मंगलबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. ३,१९,०००/-

चाँदी प्रति तोला रु. ५७२०/-

# त दिए,

भन्दा धैरै फरक थिएन। दक्षिण
, भियतनाम र बंगलादेश जस्ता
िक रूपमा कमजोर थिए। तर, ती
कायम गर्दै दीर्घकालीन विकास
ारे। परिणाम स्वरूप उनीहरूले
मारे। नेपाल भने त्यही अवधिमा
को चक्रमा अल्झिइरह्यो। यहाँको
ान, व्यवस्था परिवर्तन र नेतृत्व
ासका दीर्घकालीन योजना भन्दा
षय बनिरह्यो। यसले गर्दा नेपालले

राशा बढ्दै गएको संकेत समय-
यो। कतिपय नेताले सार्वजनिक
बैले चोर भन्छन्' भन्ने टिप्पणी
क्तिहरू हलुका र अराजक जस्तो
नोविज्ञानमा गहिरो असर पारेको
नेताहरूले राजनीतिप्रति जनताको
दिएका थिए। तर समयमै सुधारको
झन् गहिरिँदै गयो।
नमा गरिएको खेलाँची र मनपरीले
ा राष्ट्रिय स्वतन्त्र पार्टीको जबर्जस्त
छ, जसको नेतृत्व रवि लामिछानेले
ालेन) पनि जोडिए। उनीहरुलाई
नताले करिब दुई तिहाइ बहुमत
एक व्यक्तिको प्रभाव मात्र होइन,
जन असन्तुष्टिको एकमुष्ट विस्फोट
एका बेथिति, कुशासन र अपूर्ण
ल्पको खोजीलाई बलियो बनाएको

क्ष युवा पुस्ता पनि हो। लामो
रहेका नेताहरूले नयाँ पुस्तालाई
भन्ने आलोचना व्यापक रूपमा
रोजगारीका अवसर सीमित हुँदा
अभिलेखमै देखिएका २० लाख
खबद्ध नेपाली कामदार विदेशमा
आधुनिक सेवा प्रवाहको अनुभव
ा नेपालसँग गर्दा असन्तुष्टि अझै
लेको चुनावले यो कुनै एक पार्टीको
नो राजनीतिक व्यवहारप्रतिको
भन्ने स्पष्ट सन्देश दिएको छ।
न्दा पनि विकल्पलाई मत दिएका
ौं, अब नयाँलाई अवसर दिऔं'
क रूपमा देखिएको छ।
त्वपूर्ण प्रश्न पनि उठ्छ- के नयाँ
ासले के देखाएको छ भने नेपाली

जनताले विभिन्न समयमा नयाँ नेतृत्वलाई अवसर दिएका छन्। तर, धेरै पटक त्यो विश्वास पूरा हुन सकेन। आज राष्ट्रिय स्वतन्त्र पार्टी र नयाँ नेतृत्वप्रति ठूलो आशा छ। जनताले उनीहरूलाई एउटा अभूतपूर्व एतिहासिक अवसर दिएका छन्। त्यो अवसरसँगै ठूलो जिम्मेवारी पनि उक्त दलमा आउँछ। यदि नयाँ नेतृत्वले पनि पुरानै गल्ती दोहोर्‍यायो भने जनताको विश्वास अझै कमजोर हुन सक्छ र २०७४ पछि नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपाको जस्तै परिणाम देखिन सक्छ। यद्यपि आजको नेपालको राजनीतिक नारा पहिलेभन्दा फरक छ। पहिलेका आन्दोलनहरू सत्ता परिवर्तन वा व्यवस्था परिवर्तनका लागि केन्द्रित थिए। तर अहिलेको मुख्य चुनौती रोजगारी सिर्जना, शिक्षा, स्वास्थ्य र आधुनिक पूर्वाधारको विकास गरी आर्थिक समृद्धि हासिल गर्नु हो।

आज नेपाललाई फेरि कुनै ठूलो राजनीतिक क्रान्ति आवश्यक छैन, केबल सुशासन, दीर्घकालीन योजना र इमानदार कार्यान्वयनको खाँचो छ। नेपालले राजनीतिक स्थिरताको खोजीमा दशकौं बितायो अब सो समय र श्रम विकासमा केन्द्रित हुने बेला आएको छ। अब समय राजनीतिक नाराको होइन, विकासको परिणाम देखाउने भएको छ। किनकि जनताले धेरै पटक आशा गरेका छन् र धेरै पटक निराश पनि भएका छन्। तर आशा अझै समाप्त भएको छैन। व्यापक प्राकृतिक स्रोत, युवा जनशक्ति र सांस्कृतिक विविधतालाई स्रोतका रूपमा प्रयोग गर्दै सही नेतृत्व, स्पष्ट नीति र दीर्घकालीन दृष्टिकोण मार्फत अब कायापलट गर्नैपर्छ। यदि नयाँ नेतृत्वले जनताको विश्वासलाई सम्मान गर्दै जिम्मेवारीपूर्वक काम गर्न सके भने नेपाललाई समृद्धिको बाटोमा अघि बढाउन ढिलो भएको छैन। यसकारण, यो समय आशा र निराशाको चक्र तोडेर विकासको यात्रातर्फ अघि बढ्ने हो।

नयाँ राजनीतिक शक्तिको उदयसँगै ठूलो आशा जागेको छ। अब अहिलेको नेतृत्वले पूर्ण रूपमा निश्चिन्त हुने आधार देखाउनुपर्छ। राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूका सार्वजनिक अभिव्यक्तिहरू र टिप्पणीहरू थप जिम्मेवार र अपरिपक्व हुनुपर्छ। किनकि उनीहरू अझै परीक्षणको चरणमै छन्। त्यसैले निष्कर्ष निकाल्नु हतार हुन सक्छ, तर समयमै आत्मसमीक्षा गरेर शक्ति र पदको दम्भ भन्दा पनि जिम्मेवारीबोधका साथ अगाडि बढ्ने हो भने नेपाली जनताको आशा पूरा हुने विश्वास गर्न सकिन्छ र निराशाको त्यही पुरानो चक्र तोड्न सकिन्छ। योसँगै नयाँ नेताहरू कुनै अलग ग्रहबाट आएका होइनन् र उनीहरू पनि यही समाज, संस्कार र राजनीतिक वातावरणका उत्पादन हुन् भन्ने यथार्थ स्वीकार गर्नुपर्छ। त्यसैले उनीहरूबाट जादूको छडीले झैं तत्काल चामत्कारिक परिवर्तन हुने अपेक्षा गर्नु हाम्रो कमजोरी हुन सक्छ। बरु अहिलेको नेतृत्वले अझ बढी आत्मानुशासन, विनम्रता र जिम्मेवारीका साथ काम गर्दै जनताको विश्वासलाई सम्मान गर्न सके यो नयाँ आशा दिगो बन्न सक्छ।

*(डा. शर्मा अर्थराजनीतिक विश्लेषक हुन्।)*

# गरामनीमा नागरिक भेटघाट चौतारी

**बिर्तामोड, फागुन २७।** गरामनी बजारस्थित मन्दिर छेउमा निर्माण गरिएको 'नागरिक भेटघाट चौतारी' उद्घाटन भएको छ।

पूर्व शिक्षासेवी खिलप्रसाद शिवाकोटीको अगुवाईमा 'नागरिक भेटघाट चौतारी' निर्माण गरिएको थियो। चौतारी उद्घाटनसँगै साहित्यिक तथा औपचारिक कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको अध्यक्षता, सञ्चालन तथा स्वागत मन्तव्य स्वयम् खिलप्रसाद शिवाकोटीले गरेका थिए भने कार्यक्रम सञ्चालनमा मोहन घिमिरेले सहयोग गरेका थिए।

कार्यक्रमका अतिथि राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्रकुमार गिरीले चौतारीको एकछेउमा स्थापित गौतम बुद्धको सालिक अनावरण गरे। त्यसैगरी 'नागरिक भेटघाट चौतारी' लेखिएको बोर्ड बिर्तामोड नगर प्रमुख पवित्रा महतारा र रमेश प्रसाईंले संयुक्त रूपमा अनावरण गर्दै चौतारीको औपचारिक उद्घाटन गरेका थिए।



कार्यक्रममा नवनिर्वाचित सांसद इन्दिरा रानाले समेत शुभकामना मन्तव्य व्यक्त गर्दै चौतारीले नागरिकहरू बीच भेटघाट, संवाद र सांस्कृतिक गतिविधि प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिन्।

कार्यक्रममा साहित्यिक वातावरण पनि सिर्जना गरिएको थियो। कविहरू केशव आचार्य, देवीचरण भण्डारी, खिलप्रसाद शिवाकोटी, दृष्टिहीन कविद्वय समिर अधिकारी र रमेश प्रसाईंले आफ्ना कविता वाचन गरेका थिए।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका कार्यकारी अधिकृत सागर मिश्र, शिक्षा प्रमुख तिलचन भण्डारी लगायत विभिन्न सामाजिक, सांस्कृतिक तथा स्थानीय व्यक्तित्वहरूको पनि उल्लेख्य उपस्थिति रहेको थियो।

स्थानीय बुद्धिजीवी, साहित्यकार तथा सर्वसाधारण नागरिकको भव्य सहभागितामा सम्पन्न उक्त कार्यक्रमलाई सहभागीहरूले सकारात्मक र प्रेरणादायी भन्दै प्रशंसा गरेका थिए।

# निडल फेल्ट क्रिएसनद्वारा सीपमूलक महिलालाई तालिम



**झापा, फागुन २७।** नेपाली कला र सीपलाई दिगोपनको अभ्याससँग जोडनुका साथै महिला सशक्तिकरणलाई थप बलियो बनाएर निडल फेल्ट क्रिएसन नेपालको सबैभन्दा ठूलो फेल्ट फ्याक्ट्री बन्न सफल भएको छ।

विशेषगरी विवाहित महिला तथा आर्थिक कठिनाइहरूबाट गुज्रिरहेका मानिसहरुलाई सशक्त बनाउनका निम्ति प्रेमकुमारी चौहानद्वारा स्थापित र सञ्चालित निडल फेल्ट क्रिएसनले सीपमूलक रोजगारीकै माध्यमबाट महिलाहरुमा आत्मनिर्भरताको विकास गरेको पाइएको छ।

यस संस्थाले हाल प्रमुख कारखानामा तीन सयभन्दा बढी र अन्य अरु तीन सय गरेर जम्म छ सय मानिसहरुलाई रोजगारी प्रदान गर्दै आइरहेको छ। जसमध्ये धेरै प्रतिशत कर्मचारीहरु महिला रहेका छन्।

फ्याक्ट्रीमा आउन सक्नेलाई फ्याक्ट्री मै बोलाएर र आउन नसक्ने महिलाहरुलाई घरमै बसेर काम गर्न सक्ने वातावरण सिर्जना गर्दै बाध्यतावस यात्रा गर्न नसक्ने मानिसहरुका लागि समेत यस संस्थाले रोजगारको अवसर प्रदान गरिरहेको छ।

निडल फेल्ट क्रिएसनले उच्च गुणस्तरका हस्त निर्मित उत्पादनहरुलाई विस्तार गर्दै रुवाबाट तथा अन्य सामग्रीबाट निर्मित विभिन्न सामग्रीहरु जस्तै विरालोहरुका लागि घर, बल, खेलौना, मूर्ति तथा अन्य थुप्रै वस्तुहरु उत्पादन गर्दै आइरहेको छ।

तालिम प्राप्त तथा अनुभवी दक्ष महिला कर्मचारीहरुको सहयोगले हाल यस संस्थाले ग्राहकका इच्छा र डिजाइन अनुसारका सामग्रीहरु बल्क अर्डर लिने तथा प्राइभेट लेवलिङ गर्ने सेवा समेत दिँदै आइरहेको छ।

कला र सीप जोगाउनु, महिलालाई आर्थिक र सामाजिक दुबै पक्षबाट सशक्तिकरण गर्नु र सँगसँगै गुणस्तरलाई समेत कायम राख्नुले निडल फेल्ट क्रिएसनलाई दिगो विकास सम्भव छ भन्ने एक उत्कृष्ट उदाहरणका रुपमा उभ्याएको छ।

वाला गाउँ, मच्छेगाउँ, जोरपाटी र दहचोक लगायत उपत्यका बाहिर निजगढमा रहेका जम्मा पाँच शाखाहरूबाट आफ्नो सेवा दिइरहेको यस संस्थाले विकेन्द्रीकरणलाई टेवा पुर्‍याउँदै कामको खोजीमा विदेश अथवा सहर पस्नु पर्ने समस्यालाई भविष्यमा थप न्युनीकरण गर्ने उद्देश्य राखेको छ। यस्ता संस्थाहरुको स्थापना आफैमा विकासका सूचक र दिगोपन सुनिश्चितताका सारथी हुन।

# दुई लाख ३७ हजार किशोरीलाई क्यान्सरबिरुद्धको खोप

**झापा, फागुन २७।** पाठेघरको मुखको क्यान्सरबिरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप करिब दुई लाख ४० हजार किशोरीले लगाएका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत माघ २५ देखि फागुन १५ गतेसम्म सञ्चालन गरेको अभियानमा दुई लाख ३७ हजार नौ सय ७२ जना किशोरीले पाठेघरको मुखको क्यान्सरबिरुद्धको एचपिभी खोप लगाएको स्वास्थ्य सेवा विभाग बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले जानकारी दिए।

नियमित एचपिभी खोप लगाउने दुई लाख १५ हजार तीन सय १४ जना र गत वर्षको खोप अभियानमा छुट भएका २२ हजार छ सय ४८ जना किशोरी रहेका छन्। शाखा प्रमुख डा. गौतमका अनुसार अभियानमा नियमिततर्फ खोप लगाउने कक्षा ६ मा पढ्ने दुई लाख एक हजार ८९ छात्रा र विद्यालय नजाने १० वर्ष उमेर समूहका १३ हजार पाँच सय ८५ किशोरी रहेका छन्।

त्यस्तै सरकारले गत वर्षको एचपिभी खोप अभियानमा छुटेका अहिले कक्षा ७ देखि १० सम्म पढिरहेका १४ हजार पाँच सय ८६ छात्राले खोप लगाएका छन्। अभियानका क्रममा ११ वर्षदेखि १४ वर्षका विद्यालय नजाने आठ हजार ४९ किशोरी पनि खोप लगाएको छन्। छात्रा र किशोरीलाई खोप आ-आफ्नो विद्यालय र स्वास्थ्य संस्थामा लगाइएको थियो।

# भोजपुरमा हिउँदे आलु थन्काउन किसान व्यस्त

**भोजपुर, फागुन २७।** भोजपुरका किसान यतिबेला हिउँदे आलु थन्काउन व्यस्त बनेका छन्। खेतबारीमा लगाइएको आलु परिपक्व भएपछि किसानहरू बिहानैदेखि साँझसम्म आलु भण्डारण गर्न बारीमा खटिएका देखिन्छन्। जिल्लाका विभिन्न गाउँबस्तीमा किसानले आलु खन्ने, छानेर बोरा भर्ने, सुकाउने र घरमा भित्र्याउने काम गरिरहेका हुन्।



जिल्लाका ग्रामीण भेगमा हिउँदे मौसममा लगाइने आलु किसानका लागि महत्वपूर्ण बालीका रूपमा लिइन्छ। यसले घरायसी खाद्यान्नको आवश्यकता पूर्ति गर्नुका साथै नगदेँ आम्दानीको स्रोत समेत बनेको छ। विशेषगरी जिल्लाका पहाडी भेगका किसानले हिउँदे सिजनमा आलुखेतीलाई प्राथमिकता दिने गरेका छन्।

भोजपुर नगरपालिका, षडानन्द नगरपालिका, टेम्केमैयुङ गाउँपालिकासहित प्रायः सबै क्षेत्रमा किसान यतिबेला आलु खन्ने र थन्काउने काममा व्यस्त देखिन्छन्। केही किसानले उत्पादन भएको आलु घरायसी प्रयोजनका लागि भण्डारण गरिरहेका छन् भने अधिकांशले बजारमा बिक्रीका लागि तयारी गरिरहेका छन्। भोजपुर नगरपालिका-५ बोखिमका किसान धनबहादुर थापाका अनुसार आलु खेतीले प्रशस्त आम्दानी दिने भएकाले पछिल्लो समय यहाँका किसान यसतर्फ आकर्षित हुँदै गएका छन्।

गाउँबाट युवाशक्ति वैदेशिक रोजगारी तथा सहरतर्फ जानेक्रम बढ्दै जाँदा खेतबारीमा कामदार अभाव हुने समस्या देखिएको किसानहरूको गुनासो छ। अधिकांश किसानले परिवारका सदस्यकै सहयोगमा आलु खन्ने र थन्काउने काम गरिरहेका छन्। जिल्लामा उत्पादन भएको आलु स्थानीय बजारसँगै छिमेकी जिल्ला र पूर्वी तराईका बजारसम्म पनि बिक्री हुने गरेको व्यापारीहरू बताउँछन्। उचित बजार व्यवस्थापन र भण्डारणको सुविधा उपलब्ध भए आलुखेतीबाट थप आम्दानी लिन सकिने किसानको भनाइ छ।

कृषि ज्ञान केन्द्र भोजपुरका अनुसार जिल्लामा हिउँदे र वर्षे गरी गत वर्ष कूल ५१ हजार नौ सय मेट्रिकटन आलु उत्पादन भएको थियो। जिल्लामा करिब तीन हजार दुई सय ७२ हेक्टर क्षेत्रफलमा आलुखेती हुँदै आएको छ। समयमै आलु थन्काएर सुरक्षित रूपमा भण्डारण गर्न सके किसानलाई वर्षभरि खाद्यान्नको सहजता हुने र अतिरिक्त उत्पादन भएको बिक्री गरेर आम्दानी लिन सकिने किसान बताउँछन्।


United International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

होटल समृद्धि सुरुङ्गा
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर
कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुद सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

विशेषज्ञ डाक्टरहरूको सेवा अब
कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजविरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईको सेवामा!
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस्। हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

वैदेशिक रोजगार
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क गर्नुहोला।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क :
९८४२६३४८७४,
९८१६०४९८७६,
०२३-५३५९७३
बिर्तामोड, झापा

सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्ब, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर
काठमाडौंका विशेषज्ञ बिर्तामोडमा
स्पार्क अस्पताल काठमाडौंका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही २०८२ साल चैत ७ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन। घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८)